# प्रसौनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्रसौनी,बारा

मधेश प्रदेश, नेपाल

## आ.व. २०८०/०८१ को लागि जडिबुटी, कवाडी तथा जीवजन्तु कर संकलन ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०।०५।०३ गते आइतबार

यस प्रसौनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय प्रसौनी बाराको आ.व. २०८०/०८१ को लागि पालिकाको क्षेत्र भित्रका उद्योग कलकारखानाबाट निस्कने कबाडी माल, जडिबुटी र प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु वाहेकका मृत वा मारिएका जीवजन्तुहरुको हाँड, सिंग, प्वाँख, छाला वा यस्तै प्रकृतिको व्यवसायिक उपयोग गरे वापत विक्री वितरण तथा उपभोगमा लाग्ने कर संकलनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६१ बमोजिम देहायको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस पालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी कर शुल्क संकलन गर्नका लागि यस पालिकाबाट जारी गरिएको तपशिल बमोजिमको बोलपत्र फाराम खरिद गरी तोकिएको म्याद भित्र बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं | किसिम | कर तथा मर्मत शुल्क | न्यूनतम ठेक्का मुल्य (भ्याट बाहेक) | बोलपत्र खरिद दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | PRM/001/080/081 | जडिबुटी, कवाडी तथा जीवजन्तु कर संकलन | पालिकाको क्षेत्र भित्रका उद्योग तथा कलकारखानाहरु | रु १०,००,०००।- | रु १,०००।- | |

**शर्तहरुः-**

१) ठेक्का अवधि सम्झौता भएको मिति देखि २०८१ असार मसान्त सम्म हुने छ ।

२) बोलपत्र फारम र शर्तहरुको सूची यस कार्यालयको राजस्व शाखाबाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ।

३) बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३०औ दिन सम्म कार्यालय समय भित्र र उक्त दिन विदा परेमा सोको भोलि पल्ट कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट बोलपत्र फराम खरिद गर्न सकिनेछ ।

४) शिलबन्दी बोलपत्र फारम ३१ औं दिनको १२:०० बजे भित्र तथा उक्त दिन विदा परेमा सोको भोलि पल्ट दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गर्न सकिनेछ । दर्ता भएकै दिनको ०२:०० बजेपछि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ ।

५) नेपाली नागरिक भए ५% र गैर नेपाली नागरिक भए १०% आफूले कबुल गरेको रकमको धरौटीको रुपमा यस गाउपालिकाको हिमालयन बैंक लिमिटेड शाखा कार्यालय प्रसौनीको धरौटी खाता नम्बर ०५३०७६८२३४००१३ मा जम्मा गरेको सक्कल भौचर वा १२० दिन सम्म म्याद भएको मान्यता प्राप्त बैंक जमानत (बैंक ग्यारेन्टी ) फारम संग संलग्न हुर्नु पर्नेछ ।

६) बोलपत्र दाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# प्रसौनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्रसौनी,बारा

मधेश प्रदेश, नेपाल

७) कार्यालयबाट विक्री नभएको, बोलपत्रदाताको दस्तखत नभएको र शर्त राखि पेश भएको बोलपत्र मान्य हुने छैन ।

८) रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१०) व्यक्तिको हकमा टेण्डर स्वीकृत भए पछि सम्झौता गर्न आउदा मूल्य अभिवृद्धि करमा दर्ता गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

११) वोलपत्र फारम भर्दा आफूले कबुल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१२) बोलपत्र खरिद गर्न इच्छुक व्यवसायी, फर्म तथा कम्पनीहरुले मु.अ.कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि, आ.व. २०८०/०८१ सम्मको फर्म नविकरण, आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

१३) वोलपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र सम्झौता गरी धरौटी बाहेक कबुल गरेको सम्पूर्ण रकमको ४०% प्रथम किस्ता कार्यालयको खातामा जम्मा गरी सक्कल भौचर र बाँकी रकमको हकमा बैंक जमानीपत्र सहित चलनपूर्जी लिन आउनु पर्नेछ । यदि एकमुष्ठ रकम जम्मा गर्दा १०% छुट् दिईनेछ ।

१४) बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरी दोश्रो बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पून: बोलपत्र आव्हान गर्ने अधिकार गाउँपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

१५) बन्द,हडताल लगायत जस्ता कुनै पनि कारणबाट ठेकेदारलाई क्षतिपुग्न गएमा ठेकेदार स्वयमले जिम्मेवार हुनुपर्ने र त्यस वापत यस कार्यालयबाट कुनै क्षतिपूर्ती तथा मिनाहा दिईने छैन ।

१६) यस प्रसौनी गाउँपालिकाको आर्थिक ऐन, २०८० मा निर्धारित जडिबुटी, कवाडी तथा जीवजन्तु कर संकलनसम्बन्धी राजश्वका क्षेत्र तथा दररेट अनुसार ठेकेदारले कर असुल गर्नुपर्नेछ । तोकिएको क्षेत्र तथा दररेट भन्दा बढी कर असुल गरेको प्रमाण फेला परेमा ठेक्का रद्द गरिनेछ ।

१७) यस सुचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ लगायत अन्य प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

१८) बाटोमा कुनै ढाँट लगाउन पाईनेछैन ।

१९) कर/शुल्क संकलनको दररेट बोलपत्र फारममा संलग्न गरिएको छ ।

२०) यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

सुमित कुमार सिंह

प्रमुख प्रशासकीय अधिकृत

CamScanner